# कााँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक

राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १९५ | मंगलवार, १५ वैशाख, २०८३ | Tuesday, 28 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०







# विकासका नाममा सांसदहरूलाई बजेट दिंदै कर्णाली सरकार

*स्थानीय स्तरका आवश्यकताहरू सम्बोधन गर्न सहयोग पुग्ने सरकारको दाबी छ। तर योजना भने सांसदहरुले आफ़ र आफ्ना कार्यकर्ता अनुकुल बनाउनेमा दोधार छैन। यसले योजना कार्यान्वयन पक्षमा पारदर्शिताको प्रश्न उठाउँछ।*

**कााँक्रेविहार संवाददाता**
सुर्खेत, १४ वैशाख

निर्वाचन क्षेत्र विकासका नाममा सांसदहरूलाई सिधै बजेट दिने अभ्यासको विरोध भइरहेका बेला कर्णाली प्रदेश सरकारले पुनः सांसदहरूसँग योजना माग गरेको छ। आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि योजना माग गरिएको हो।

प्रदेशको अर्थ मन्त्रालयले वैशाख ७ गते सूचना जारी गर्दै सांसदहरूलाई निश्चित सीमाभित्र रही आयोजना प्रस्ताव पेस गर्न आह्वान गरेको छ। मन्त्रालयका अनुसार प्रत्येक प्रदेशसभा सदस्यले अधिकतम दुई करोड रुपैयाँको सीमा भित्र रहेर योजना प्रस्ताव गर्न पाउनेछन्।

'कर्णाली प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि (संशोधित ०८२)' अनुसार ती योजनाहरू वैशाख २१ गतेभित्र मन्त्रालयमा बुझाइसक्नुपर्नेछ। प्राप्त प्रस्तावहरूलाई प्राथमिकताका आधारमा छनोट गरी आगामी बजेटमा समावेश गरिने जनाइएको छ।

तर प्रस्तावित योजनाहरू स्थानीय तहमार्फत कार्यान्वयन गरिनेछन्। यसका लागि सशर्त अनुदानको व्यवस्था गरिएको छ, जसअनुसार योजनाको कार्यान्वयन जिम्मा स्थानीय तहले लिनेछ। यसले स्थानीय स्तरका आवश्यकताहरू सम्बोधन गर्न सहयोग पुग्ने सरकारको दाबी छ। तर योजना भने सांसदहरुले आफु र आफ्ना कार्यकर्ता अनुकुल बनाउनेमा दोधार छैन। यसले योजना कार्यान्वयन पक्षमा पारदर्शिताको प्रश्न उठाउँछ।

सांसदहरूका अतिरिक्त स्थानीय तह र सार्वजनिक संस्थाहरूलाई पनि योजना पेस गर्ने अवसर दिइएको छ। उनीहरूले एक करोड रुपैयाँसम्मको सीमाभित्र बढीमा पाँचवटा आयोजना तथा ५० लाख रुपैयाँसम्मको सीमाभित्र बढीमा दुई वटा आयोजना प्रस्ताव गर्न सक्नेछन्। यसले विभिन्न तहका आवश्यकताहरूलाई समेट्ने प्रयास गरिएको अर्थ मन्त्रालयको भनाइ छ।

तर सांसदमार्फत योजना छनोट गर्ने




अभ्यासप्रति आलोचना पनि उत्तिकै तीव्र छ। नीति तथा योजना निर्माणमा दीर्घकालीन प्राथमिकताभन्दा पनि पहुँचका आधारमा टुक्रे योजनाहरू छनोट हुने, स्रोतको प्रभावकारी उपयोग नहुने तथा दोहोरोपन बढ्ने जोखिम रहेको विज्ञहरू बताउँछन्। यसले समग्र विकासको दिगोपनामा असर पार्ने उनीहरूको चेतावनी छ।

यसअघिका वर्षहरूमा पनि यस्तै अभ्यासका कारण कतिपय योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको, केही योजना अधुरै रहेको तथा खर्चको पारदर्शितामाथि प्रश्न उठेको उदाहरणहरू सार्वजनिक भएका थिए। तैपनि जनप्रतिनिधिहरूले भने स्थानीय आवश्यकताहरू तत्काल सम्बोधन गर्न यस्तो व्यवस्था उपयोगी हुने दाबी गर्दै आएका छन्।

अब वैशाख २१ गतेसम्म प्राप्त हुने प्रस्तावहरूको आधारमा कर्णाली प्रदेश सरकारले आगामी बजेटको खाका तयार पार्नेछ। यस प्रक्रियाले प्रदेशको विकास प्राथमिकता कति समेट्छ र आलोचनाबीच कस्तो सन्तुलन कायम गर्छ भन्ने चासो सरोकारवाला निकायहरूमा बढ्दै गएको छ।

## नीति र निर्णयगत त्रुटि

निर्वाचन क्षेत्र विकासका नाममा सांसदलाई सिधै बजेट दिने अभ्यास नीति र निर्णयगत त्रुटि रहेको वित्तिय क्षेत्रका विज्ञहरु बताउँछन्। निर्वाचन क्षेत्र विकास कार्यक्रम जनताको नजिक विकास पुऱ्याउने उद्देश्यले ल्याइएको भए पनि यसको कार्यान्वयन शैलीले पारदर्शिता, जवाफदेहिता र संस्थागत सन्तुलनमा चुनौती थपेको देखिन्छ।

विशेषज्ञहरूका अनुसार यस्तो अभ्यासलाई सुधार नगरी निरन्तरता दिँदा सुशासन कमजोर हुने र विकास प्रणाली राजनीतिकरण हुने जोखिम उच्च रहन्छ। निर्वाचन क्षेत्र विकास कार्यक्रम (सांसद विकास कोष) अन्तर्गत सांसदहरूलाई सिधै बजेट दिने अभ्यास फेरि-फेरि पुनःस्थापित हुँदै आएको छ। तर यो अभ्यासलाई नीति तथा सुशासनका दृष्टिले 'निर्णयगत त्रुटि' र विवादास्पद व्यवस्था भन्दै आलोचना हुँदै आएको छ।

सरकारले विगतका वर्षहरूमा प्रत्येक निर्वाचन क्षेत्रका लागि करिब पाँच करोड रुपैयाँसम्म बजेट विनियोजन गर्ने व्यवस्था गर्दै आएको थियो। संघीय तहमा मात्र यस कार्यक्रमका लागि अर्बौं रुपैयाँ छुट्याइने गरिएको छ।

यो कार्यक्रम नयाँ भने होइन। पहिले 'सांसद विकास कोष' नाममा लागू भएको यो व्यवस्था भ्रष्टाचार, कार्यकर्ता केन्द्रित खर्च र अनियमितताको आरोपपछि खारेज गरिएको थियो। तर राजनीतिक दबाब र "स्थानीय विकासलाई छिटो पुऱ्याउने" तर्कसहित यसलाई विभिन्न नाममा पुनः ल्याइँदै आएको छ।

यसअघिका वर्षहरूमा पनि बजेट बढाउँदै ५० लाखदेखि करोडौंसम्म पुऱ्याइएको र कार्यक्रमलाई पटक-पटक पुनःसंरचना गरिएको देखिन्छ। विश्लेषक तथा सुशासनविद्हरूका अनुसार यस अभ्यासमा केही गम्भीर संरचनागत कमजोरी पनि छन्।

जसमा शक्तिको पृथकीकरणमा असर पर्छ। सांसदहरूको मुख्य भूमिका नीति निर्माण र सरकारको निगरानी गर्ने हो। तर उनीहरू नै बजेट बाँडफाँडमा संलग्न हुँदा कार्यपालिका र व्यवस्थापिकाबीचको सीमारेखा धमिलो हुन्छ।

भने प्राथमिकता निर्धारणमा राजनीतिक हस्तक्षेप बढ्छ। विकास योजना प्राविधिक आवश्यकताभन्दा पनि राजनीतिक पहुँच र प्रभावका आधारमा छनोट हुने जोखिम बढ्छ। यस्तै स्थानीय तह वा मन्त्रालयमार्फत हुने परियोजनाभन्दा सांसद केन्द्रित बजेटमा लेखाजोखा कमजोर हुने गुनासो बारम्बार उठ्ने गरेको छ। ठूला पूर्वाधार योजनाभन्दा साना-साना टुक्रे परियोजनामा बजेट बाँडिने भएकाले दीर्घकालीन विकास प्रभाव कमजोर हुने बताइन्छ। यसअघि सर्वोच्च अदालतले समेत यस्ता कार्यक्रमका कारण राज्यकोषमा अनावश्यक भार र अनियमितताको जोखिम देखाउँदै कतिपय अवस्थामा रोक लगाउने आदेश दिएको थियो। यसले नीति निर्माण तहमा नै प्रश्न उठाएको छ।

# भन्सार शुल्कको निर्णय विरूद्ध रिट दर्ता

**कााँक्रेविहार संवाददाता**
काठमाडौं, १४ वैशाख

नेपाल-भारत सीमानाकाबाट घरायसी प्रयोजनका लागि एक सय रुपैयाँभन्दा बढी मूल्यको सामान ल्याउँदा भन्सार शुल्क लाग्ने सरकारी निर्णय विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ। अधिवक्ताहरू अमितेश पण्डित, आकाश महतोसहित सुयोग्य सिंह र प्रशान्त विक्रम शाहले सोमबार उक्त निर्णय खारेजीको माग गर्दै रिट दायर गरेका हुन्। नेपाल-चीन सीमानाका वा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आउने यात्रीहरूका लागि भन्सार छुटको सीमा बढी भएको तर भारतसँगको खुल्ला सीमामा १०० रुपैयाँको मात्र सीमा तोकिनुले मधेस र तराई क्षेत्रका नागरिकमाथि भौगोलिक र वर्गीय विभेद भएको जिकिर गरिएको छ।

आजको महँगीको युगमा १०० रुपैयाँमा कुनै पनि दैनिक उपभोग्य वस्तु आउन नसक्ने भन्दै यो सीमालाई 'अव्यवहारिक र अतार्किक' भनिएको छ। यसले गर्दा सीमावर्ती क्षेत्रका सर्वसाधारणले दैनिक उपभोग्य वस्तु (तरकारी, औषधि, कपडा) ल्याउँदा समेत भन्सार कर्मचारी र सुरक्षाकर्मीबाट हैरानी खेप्नुपरेको उल्लेख छ। निवेदकहरूले अर्थ मन्त्रालयले २०८० जेठ १५ र २०८२ जेठ १५ मा प्रकाशित गरेको उक्त भन्सार सम्बन्धी सूचना खारेज गर्न 'उत्प्रेषण'को आदेश माग गरेका छन्। साथै मुद्दाको अन्तिम किनारा नलागेसम्म सीमा क्षेत्रका नागरिकलाई दैनिक उपभोग्य वस्तु र विवाह वा सामाजिक संस्कारका लागि ल्याइने सामानमा अवरोध नगर्न र भन्सार नलिन 'अन्तरिम आदेश' समेत जारी गर्न माग गरिएको छ। सन् १९६० को नेपाल-भारत व्यापार सन्धिका प्रावधानहरू अनुसार दुई देशबिच वस्तुको सहज प्रवाह हुनुपर्नेमा यो निर्णयले उक्त सन्धिलाई समेत चुनौती दिएको रिटमा उल्लेख छ।

रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय र भन्सार विभागलाई विपक्षी बनाइएको छ। यो रिटमाथि प्रारम्भिक सुनुवाइ भएपछि सर्वोच्चले सरकारसँग जवाफ माग गर्ने वा अन्तरिम आदेश दिने सम्बन्धमा निर्णय गर्नेछ।

रिट निवेदकहरूले सरकारको यो कदमले नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक, समानताको हक र स्वतन्त्रताको हकको ठाडो उल्लङ्घन गरेको दाबी गरेका छन्।

# पुराना सवारी साधन चलाउन रोक्न सिफारिस

**कााँक्रेविहार संवाददाता**
काठमाडौं, १४ वैशाख

सरकारले यातायात प्रणालीमा देखिएका चरम भद्रगोल, बिचौलिया राज र अव्यवस्था अन्त्य गर्न समग्र नीतिगत, संरचनात्मक र प्रविधिमैत्री सुधारको फराकिलो खाका सार्वजनिक गरेको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गठन गरेको 'यातायात सुधार सुझाव कार्यदल, २०८०' को प्रतिवेदनले अव्यवस्थित सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित बनाउन संस्थागत पुनर्संरचना, निजी क्षेत्रसँग सहकार्य र प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने सुझाव दिएको छ।

तत्कालीन यातायात मन्त्री नारायणकाजी श्रेष्ठको पालामा २०७९ फागुन ११ गते पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा गठित ७ सदस्यीय विज्ञ कार्यदलले अध्ययनपछि तयार पारेको उक्त विस्तृत प्रतिवेदन मन्त्रालयले हालै सार्वजनिक गरेको हो। यस प्रतिवेदनले नेपालको समग्र यातायात क्षेत्रलाई मुख्य ७ भागमा (सवारी नियमन,



लाइसेन्स, सार्वजनिक यातायात, सहरी यातायात, बीमा, दुर्घटना न्यूनीकरण र प्रदूषण नियन्त्रण) वर्गीकरण गर्दै सुधारका तत्कालीन र दीर्घकालीन कार्ययोजनाहरू प्रस्ताव गरेको छ।

**सवारीसाधन र अनुमतिपत्रमा पूर्ण 'डिजिटलाइजेसन'**

यातायात व्यवस्था कार्यालयहरूमा सेवाग्राहीले भोग्नुपरेको चरम सास्ती र कागजी प्रक्रियाको झन्झटलाई औंल्याउँदै कार्यदलले सबै सेवालाई 'क्यासलेस' (नगदरहित) र 'फेसलेस' बनाउन सिफारिस गरेको छ। सवारी दर्ता, नवीकरण, सरुवा दर्ता र कर भुक्तानीलाई पूर्ण रूपमा विद्युतीय प्रणाली (अनलाइन) मा लैजानुपर्नेमा प्रतिवेदनले जोड दिएको छ।

वर्षौंदेखि ढड्डामा राखिएका पुराना अभिलेखका कारण कार्यालयहरू अस्तव्यस्त भएकाले संघीय र प्रादेशिक तहमा 'एकीकृत तथ्यांक प्रणाली' निर्माण गर्न सुझाइएको छ। त्यस्तै, सवारीचालक अनुमतिपत्र (लाइसेन्स) को छपाइ र वितरणमा देखिएको राष्ट्रिय संकट समाधान गर्न यसलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गर्ने वा डिजिटल लाइसेन्सलाई कानुनी मान्यता दिने विकल्प अघि सारिएको छ। 'ड्राइभिङ स्कुल'हरूको कडा नियमन गर्ने र मापदण्ड पुगेका निजी क्षेत्रका 'ट्रायल सेन्टर'हरूलाई सरकारी अनुगमनमा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न दिन सकिने नवीनतम उपाय पनि प्रतिवेदनमा सुझाइएको छ।

**सार्वजनिक र सहरी यातायातको पुनर्संरचना**

नेपालको सार्वजनिक यातायात अझै पनि अस्वस्थ प्रतिस्पर्धा र अप्रत्यक्ष सिन्डिकेटको चपेटामा रहेको निष्कर्ष कार्यदलको छ। सडकमा हुने अस्वस्थ प्रतिस्पर्धा अन्त्य गर्न साना सवारीसाधनलाई मुख्य राजमार्ग र ठूला सहरबाट निरुत्साहित गर्दै ठुला 'मास ट्रान्जिट' बसहरूलाई प्राथमिकता दिनुपर्ने सुझाव छ। यात्रु ठगिने र भाडामा विवाद हुने दैनिक समस्या समाधान गर्न सार्वजनिक यातायातमा विद्युतीय टिकट (इ-टिकेटिङ) र स्मार्ट कार्ड वा मोबाइल बैंकिङमार्फत भाडा तिर्ने 'नगदरहित' प्रणाली अनिवार्य गर्न सिफारिस गरिएको छ। काठमाडौं उपत्यका र ठुला सहरको यातायात व्यवस्थापन गर्न छुट्टै शक्तिशाली 'सहरी सार्वजनिक यातायात प्राधिकरण' गठन गर्न कार्यदलले जोड दिएको छ। साथै, 'राइड सेयरिङ' (टुटल, पठाओ जस्ता) सेवालाई प्रस्ट कानुनी दायरामा ल्याएर यात्रुमैत्री, व्यवस्थित र सुरक्षित बनाउनुपर्ने विषय पनि प्रतिवेदनमा समेटिएको छ।

# पूर्वभीआईपीहरूले उपचार गर्दा पाउने सुविधा सर्वोच्चद्वारा खारेज

**कााँक्रेविहार संवाददाता**
काठमाडौं, १४ वैशाख

सर्वोच्च अदालतले राज्यका पूर्व विशिष्ट व्यक्ति (भीआईपी)हरूले विदेशमा उपचार गराउँदा राज्यकोषबाट रकम भराउन पाउने कानूनी व्यवस्था खारेज गरेको छ।

सोमबार बसेको संवैधानिक इजलासले संविधान र ऐनसँग बाझिएको कार्यविधिमा भएको व्यवस्था खारेज हुने निर्णय गरेको सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले जानकारी दिए। सर्वोच्च अदालतले आदेशको संक्षिप्त विवरण सार्वजनिक गरेको छैन।

राज्यका पूर्व पदाधिकारीहरूले स्वदेशमा उपचार गर्न मिल्ने अवस्था हुदाहुदै पनि विदेशमा गएर उपचार गर्ने र मन्त्रिपरिषद्को निर्णयबाट उनीहरूको उपचारखर्च व्यहोर्ने अभ्यास हुँदै आएको थियो। २०७५ सालमा जनस्वास्थ्य ऐन जारी गरेर त्यस्तो क्रियाकलापमा रोक लगाइएको भएपनि अर्को कार्यविधिमा भएको व्यवस्था अनुसार विशिष्ट पदाधिकारीहरूले विदेशमा उपचार गराउँथे।

सर्वोच्च अदालतले कार्यविधि नै खारेज गरेपछि विदेशमा गरिएको उपचारखर्च राज्यकोषबाट ब्यहोर्नु अब गैरकानूनी हुनेछ।

सर्वोच्च अदालतले नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७३ को दफा १२(१) खारेज गरेको हो। उक्त दफामा पूर्व विशिष्ट व्यक्तिहरूले विदेशमा गराएको उपचारको खर्च सरकारले व्यहोर्ने व्यवस्था थियो।

ती पूर्व विशिष्ट व्यक्तिको परिभाषामा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, पूर्वप्रधानन्यायाधीश, पूर्वउपसभामुख, पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसहायकमन्त्री, पूर्व सांसद र पूर्व संवैधानिक पदाधिकारी समेत पर्थे।

अधिवक्ता रादीका चम्लागाई लगायतले संविधान र केही कानूनी व्यवस्थासँग बाझिएको भन्दै एउटा कानून र अर्को कार्यविधि खारेजीको माग गरेकी थिइन्।

उनले 'राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा ९ खारेज हुनुपर्ने माग गरेकी थिइन्। उक्त दफामा 'राष्ट्रपति वा उपराष्ट्रपति स्वदेशमा अस्पतालमा भर्ना भई उपचार गराउँदा वा नेपालमा उपचार हुन नसक्ने भई मेडिकल बोर्डको सिफारिसमा विदेशमा गई उपचार गराउँदा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने छ' भन्ने व्यवस्था थियो।

सर्वोच्च अदालतले त्यो व्यवस्था यथावत राखेर कार्यविधिमा भएको व्यवस्था मात्रै खारेज गरेको हो। त्यसैले कामू प्रधानन्यायाधीश सपना प्रधान मल्ल, अनि न्यायाधीशहरू कुमार रेग्मी, डा. मनोजकुमार शर्मा, सारंगा सुवेदी र अब्दुल अजीज मुसलमानको इजलासले आंशिक रिट जारी हुने आदेश गरेको, सर्वोच्च अदालतका प्रवक्ता कोइरालाले जानकारी दिए।

माग के थियो ?

अधिवक्ता रादीका चम्लागाई लगायतले पेश गरेको रिट निवेदनमा संविधानका दुईवटा धारा र एउटा ऐनको व्यवस्थासँग अर्को ऐन बाझिएको भन्दै विशिष्ट व्यक्तिहरूले विदेशमा उपचार गराउन पाउने कार्यविधि खारेजीको माग राखेका थिए।

उनीहरूका अनुसार, नेपालको संविधानको धारा १८(१)मा सबै नागरिक कानूनको दृष्टिले समान हुनेछन् भन्ने व्यवस्था छ। अनि धारा ३५(३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने अर्को व्यवस्था छ।

सम्पादकीय

# वायु प्रदूषणको संकट ननिम्त्याऊ

पछिल्ला वर्षहरूमा वन क्षेत्रमा लाग्ने डढेलो केवल मौसमी समस्या रहेन, यो अब वातावरणीय र जनस्वास्थ्यसँग जोडिएको गम्भीर राष्ट्रिय संकटको रूपमा देखापर्न थालेको छ । कर्णाली प्रदेशको सुर्खेत जिल्लाको पछिल्लो तथ्यांकले नै यो अवस्थाको भयावहता स्पष्ट पार्छ । एक वर्षमा हजारौँ हेक्टर वन जलेर नष्ट हुनु र अर्को वर्ष केही घटे पनि पुनः बढ्दो क्रममा देखिनु, नियन्त्रणका प्रयासहरू प्रभावकारी हुन नसकेको संकेत हो । वन डढेलोले केवल रूखबिरूवा मात्र सखाप पार्दैन, यसले सम्पूर्ण पारिस्थितिक प्रणालीलाई असर गर्छ । वन्यजन्तुको बासस्थान नष्ट हुन्छ, जैविक विविधता संकटमा पर्छ, र दीर्घकालीन रूपमा पर्यावरणीय सन्तुलन बिग्रन्छ । अझ गम्भीर पक्ष भनेको यसबाट निस्कने धुवाँ र हानिकारक ग्यासहरूले वायु प्रदूषणलाई खतरनाक स्तरसम्म पुर्‍याउनु हो । कार्बनडाइअक्साइड, कार्बनमोनोअक्साइड र मिथेनजस्ता ग्यासको उत्सर्जनले केवल स्थानीय वातावरण मात्र होइन, विश्वव्यापी तापक्रम वृद्धिमा समेत योगदान पुर्‍याइरहेको छ । यसको प्रत्यक्ष असर मानव स्वास्थ्यमा देखिन थालेको छ ।

सुर्खेतसहित देशका विभिन्न सहरहरूमा वायु गुणस्तर अस्वस्थ स्तरमा पुग्नु चिन्ताजनक छ । अस्पतालहरूमा श्वासप्रश्वाससम्बन्धी समस्या, दम, रूघाखोकी तथा आँखामा जलन लिएर आउने बिरामीको संख्या बढ्दै जानु कुनै सामान्य संकेत होइन । यो स्पष्ट रूपमा वातावरणीय संकटले जनस्वास्थ्यलाई चुनौती दिइरहेको प्रमाण हो । साधनस्रोतको अभाव, दक्ष जनशक्तिको कमी र सबैभन्दा महत्वपूर्ण, मानवीय लापरवाही जस्ता डढेलो नियन्त्रणमा चुनौतीहरू थपिएका छन् । चुरोटका ठुटा जथाभावी फाल्ने, घाँस पलाउने आशमा आगो लगाउने जस्ता क्रियाकलापले समस्या झन् जटिल बनाएका छन् । पछिल्ला वर्षहरूमा वन क्षेत्रमा लाग्ने डढेलोको समस्या गम्भीर बन्दै गएको छ । डिभिजन वन कार्यालय सुर्खेतका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा जिल्लाभर करिब ६ हजार ७२१ हेक्टर राष्ट्रिय तथा सामुदायिक वनमा डढेलो लागेको थियो । यस्तै आर्थिक वर्ष २०८१/०८२ मा भने डढेलोको प्रभाव केही घटेर करिब एक हजार २०० हेक्टर वन क्षेत्रमा सीमित भएको थियो । तर चालु आर्थिक वर्षमा भने जतातते डढेलो लाग्ने क्रम जारी छ, जसले वन सम्पदा र जैविक विविधतामा गम्भीर असर पारिरहेको छ । कर्णाली प्रदेश सरकारले पनि वन संरक्षणका लागि विभिन्न कार्यक्रम कार्यान्वयन गरिरहेको छ । तर पनि बर्सेनि रूपमा वन मासिंदै गइरहेको छ । सन् २०४५ सम्ममा नेपालले शून्य कार्बन उत्सर्जन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ, जसलाई यसले चुनौती दिएको छ । मानव तथा जीवजन्तुको स्वास्थ्यमा नराम्रो असर परेको छ । जनधनको क्षति भएको, जीवजन्तु तथा बोटबिरूवामा क्षति भएको, लोप हुन लागेका प्रजाति विलुप्त हुने र यसले गर्दा पर्यावरणलाई नै असर पुर्‍याएको छ ।

विशेषगरी सामुदायिक वनभित्रको आन्तरिक विवादले समेत आगजनीलाई प्रोत्साहन दिएको आरोप गम्भीर छ, जसले व्यवस्थापन प्रणालीमै कमजोरी रहेको देखाउँछ । सरकारले डढेलो नियन्त्रणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरे पनि ती प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु चिन्ताको विषय हो । सीमित उपकरण, न्यून जनशक्ति र कमजोर समन्वयका कारण आगो फैलिसकेपछि मात्र नियन्त्रणको प्रयास हुने गरेको देखिन्छ, जुन पर्याप्त छैन । डढेलो रोकथामका लागि पूर्वतयारी, प्रविधिको प्रयोग, र समुदायस्तरमा दिगो सचेतना अपरिहार्य भइसकेको छ । जलवायु परिवर्तन र खडेरीले डढेलोको जोखिम झन् बढाएको सन्दर्भमा अब पुरानै शैलीका प्रयासले मात्र पुग्दैन । स्थानीय तह, प्रदेश र संघीय सरकारबीच स्पष्ट कार्यविभाजन, स्रोतसाधनको सुनिश्चितता र उत्तरदायित्वको कडाइ आवश्यक छ । साथै वन संरक्षणलाई केवल सरकारी दायित्व नभई सामूहिक जिम्मेवारीका रूपमा स्थापित गर्नुपर्छ । यदि समयमै प्रभावकारी कदम चालिएन भने डढेलोले केवल वन मात्र होइन, मानव जीवन, स्वास्थ्य र भविष्यलाई नै गम्भीर संकटमा पार्नेछ । त्यसैले अब प्रश्न प्रयासको होइन, परिणाम दिने कार्यान्वयनको हो ।

# कर्मचारीतन्त्र राजनीतिकरण भयो भन्ने, अनि सिधै सचिवमा 'छड्के' नियुक्ति दिन खोज्ने ?



✍ उमेश मैनाली

संविधान जारी भएको १० वर्षसम्म संघीय निजामती सेवा ऐन पास गर्न नसक्नुले सबभन्दा धेरै संघीय सुशासनमा असर परेको छ । यो ढिलाइको दोष प्रदेश र स्थानीय सरकारलाई दिइए पनि यसमा केन्द्र सरकारको एकाधिकार झल्किन्छ, जुन ठिक होइन ।

हुन त यसअघिको सरकारले पनि निजामती सेवा ऐनमा काम गरेको थियो । लामो छलफल, संशोधन र राष्ट्रियसभाले समेत पास गरेर आइसकेको विधेयकलाई प्रतिनिधिसभाले पास गर्न मात्र बाँकी थियो । त्यही क्रममा संसद विघटन भयो ।

अहिलेको सरकारले फेरि विधेयकको नयाँ मस्यौदा ल्याएको छ र सात दिनभित्र सुझाव दिनू भनेर सार्वजनिक पनि गरेको छ । यो सरकारबाट भएको एउटा प्रशंसायोग्य काम हो । राम्रो अभ्यास पनि हो । कानुन निर्माणमा सर्वसाधारण, विषयविज्ञ लगायतले सुझाव दिन पाउनु र सामूहिक छलफल गर्दै विधेयक तर्जुमा र कानुन निर्माण हुनु निकै सकारात्मक कुरा हो ।

यो लेखमा म प्रस्तावित निजामती सेवा विधेयकमा गरिएका नयाँ व्यवस्थाको सकारात्मक र नकारात्मक पक्षबारे चर्चा गर्नेछु ।

सबभन्दा पहिला सकारात्मक पक्षको कुरा गरौं ।

पहिलो, प्रस्तावित मस्यौदाले एउटा प्रशासनिक बोर्डको परिकल्पना गरेको छ । बोर्डले राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव) सम्मको सरूवा, उनीहरूको वृत्ति-विकास र गुनासा सुन्नेदेखि कारबाही सिफारिसको कामसमेत गर्छ । कसैलाई सरूवा गर्नुपर्‍यो भने त्यसका लागि बोर्डको सिफारिस चाहिने व्यवस्था पनि गरिएको छ । कसैले आफूलाई मर्का पर्‍यो भनेर त्यहाँ उजुरी दिन पाउँछ ।

प्रशासनिक बोर्डको यस्तै प्रावधान भारतमा छ । त्यहाँ मुख्य सचिवले बोर्डको नेतृत्व गर्छन् । भारतको त्यही व्यवस्था यहाँ पनि अभ्यास गर्न खोजिएको छ । यो बोर्डमा मुख्यसचिव अध्यक्ष र सामान्य प्रशासनदेखि अन्य विभिन्न मन्त्रालयका सचिवहरू सदस्य रहनेछन् । यस्तो बोर्डले काम गर्दा गल्तीको गुञ्जायस कम हुन्छ भन्ने मलाई लाग्छ । दोस्रो, कार्यालय प्रमुख/विभागीय प्रमुख लगायत प्रशासनिक नेतृत्वका पदहरूमा योग्यता र क्षमता मूल्यांकन गरेर खटाउने भनिएको छ । यो राम्रै प्रबन्ध हो । तर व्यवहारिक रूपमा त्यति सजिलो छैन । भर्खरै लोकसेवा पास गरेर आएका कर्मचारीको कार्यक्षमता र योग्यता कसरी मापन गर्ने? कर्मचारीको योग्यता र क्षमता मूल्यांकनका सूचक कसरी बनाउने? यसमा स्पष्ट हुन आवश्यक छ । यसका लागि आवश्यक पर्ने सूचकहरू नियमावलीमा राख्न सकिन्छ ।

तेस्रो, बढुवा प्रणालीमा वर्गीकृत क्षेत्रमा काम गर्नुपर्ने व्यवस्था गरिएको छ । दुई वर्षपछि लागू हुने भनिएको यो व्यवस्थाका लागि वर्गीकृत क्षेत्र क, ख, ग, घ भनेर छुट्याइएको छ । यसमा अत्यन्त दुर्गमदेखि सुविधासम्पन्न क्षेत्रसम्म पर्छन् ।

दुर्गम क्षेत्रमा काम गर्ने कर्मचारीलाई केही समयपछि बढुवामा प्राथमिकता दिने प्रावधान सकारात्मक छ । यसले कर्मचारीहरू काठमाडौंमै सीमित रहने प्रवृत्ति घटाउनुका साथै बाहिरी जिल्लामा काम गर्न प्रेरित गर्नेछ । अहिलेजस्तो बाहिर नजाने प्रवृत्तिमा पनि नियन्त्रण आउनेछ । उपसचिवसम्मका कर्मचारीलाई विभिन्न ठाउँको अनुभव दिलाउने हिसाबले यो राम्रो व्यवस्था हो ।

चौथो, जिल्लास्तरीय सेवा प्रवाह गर्ने कार्यालय (सिडिओ, यातायात लगायत) का कर्मचारीको मूल्यांकनमा सेवाग्राहीको प्रतिक्रियालाई पनि आधार मान्ने व्यवस्था गरिएको छ । सुशासनका लागि ३६० डिग्रीको मूल्यांकन गर्नुपर्छ भन्ने मान्यतासँग यो मेल खान्छ ।

यो मान्यतामा कुनै पनि कर्मचारीको मूल्यांकन उसको हाकिमले मात्र गर्दैन । सँगसँगै काम गर्ने सहकर्मी, मातहतका कर्मचारी र सेवाग्राहीहरूको प्रतिक्रियालाई पनि उत्तिकै महत्त्व दिइन्छ । अहिले प्रस्तावित मस्यौदामा सेवाग्राहीको प्रतिक्रिया हेरेर मूल्यांकन गर्ने भनिएको छ । तर यो मूल्यांकन कसरी गर्ने भनेर प्रस्ट पारिएको छैन । यसलाई विधेयकले नै प्रस्ट पार्न सकिन्छ वा नियमावलीमा उल्लेख भएर आए पनि हुन्छ ।

सामान्यतया यसका लागि संस्थाभित्रै एउटा समिति बनाएर मूल्यांकन गरिन्छ । त्यसलाई नागरिक परामर्श समिति, नागरिक कचहरी जस्ता नाम दिन सकिन्छ । यसले महिना-पन्ध्र दिनमा समुदायका मान्छेसँग बसेर छलफल गर्न सक्छ । र, त्यही छलफलका आधारमा कर्मचारीको मूल्यांकन गर्न सक्छ ।

पाँचौं, कर्मचारीको अवकाश हुने उमेर ६० वर्ष बनाइएको छ र अवकाशपछि दुई वर्षको कुलिङ पिरियड राखिएको छ । आजसम्म कर्मचारीको अवकाश उमेर ५८ वर्ष थियो । उमेर हद बढाउन जरूरी मात्र होइन, ढिलो भइसकेको थियो । यसलाई दुई वर्ष बढाएर ६० पुर्‍याउनु सकारात्मक पक्ष हो । त्यस्तै, अवकाशपछि अन्य संवैधानिक पदहरूमा जान दुई वर्षको कुलिङ पिरियड राख्नु पनि सकारात्मक नै हो । पहिले पनि यस्तो कुलिङ पिरियड राख्नुपर्छ भनिएकै थियो ।

अब हामी यो मस्यौदामा मलाई नराम्रो लागेका पक्षबारे कुरा गरौं ।

पहिलो, मलाई सबभन्दा बढी खतरनाक लागेको निजामती सेवाअन्तर्गत कार्यकारी वा विशेषज्ञताको पद (सचिव वा विशेषज्ञता हासिल गरेको प्रथम श्रेणीको पद) मा छड्के प्रवेशको प्रावधान हो । यस्तो प्रावधानले हाम्रो 'ब्युरोक्रेसी' लाई खाइदिन्छ । यो जस्ताको तस्तै पास भयो भने सरकारले सडकबाट टिपेर सचिव बनाइदिनसक्छ । यसरी त हुँदैन । छड्के ल्याउने हो भने पनि लोकसेवा पास गरेर आउनुपर्ने व्यवस्था गर्नु एउटा कुरा, तर तजबिजका आधारमा सिधै नियुक्ति दिँदा ब्युरोक्रेसी सकिन्छ ।

अहिले पनि केही सहसचिव पदमा लोकसेवा परीक्षा लिएर प्रवेश गराउने व्यवस्था छँदैछ । विभिन्न क्षेत्रमा अनुभव भएका वा प्रतिभाशाली व्यक्तिहरू प्रतिस्पर्धाबाट सिधै यो पदमा आउँछन् । यतिसम्म ठिकै छ । तर सचिव, सहसचिव जस्तो कार्यकारी पदमा सरकारले सिधै नियुक्ति गर्न खोज्नु खतरनाक हो ।

यस्तो व्यवस्था जर्मनी, फ्रान्स र अमेरिकामा छ । तर उनीहरूको परम्परा त्यही हो । त्यहाँ चुनाव जितेको पार्टीले सरकारमा आएपछि दुई तहका पदमा आफै नियुक्ति गर्छ । त्यसपछि तल मात्रै योग्यताका आधारमा नियुक्त भएका कर्मचारी हुन्छन् । उनीहरूकहाँ त्यो ठिकै होला, हामीकहाँ हुँदैन । एकातिर कर्मचारीतन्त्र राजनीतिकरण भयो भनेर ट्रेड युनियन हटाउन खोज्ने, अनि अर्कातिर सचिव, सहसचिव स्तरमै राजनीतिक नियुक्ति गर्ने? यो त हुँदै भएन ।

दोस्रो कुरा, कुनै राजनीतिक दलको सदस्यता लिए कर्मचारीलाई भविष्यमा समेत अयोग्य हुने गरी हटाउने व्यवस्था गर्नु कुनै हालतमा नपच्ने कुरा भयो । कर्मचारीले राजनीतिक दलको सदस्यता वा आबद्धता लिन नपाउने त पहिलेकै कानुनमा थियो । त्यो कडाइका साथ लागू गरे भइहाल्थ्यो । तर त्यसमा एक कदम अघि बढेर भविष्यमा समेत अयोग्य भन्नु त चाहिनेभन्दा बढी हो । पञ्चायतकालमा पनि यति कडा व्यवस्था थिएन । प्रशासन राजनीतिकरण भयो भनेर सबैले भनेकै छन् । त्यसलाई सच्याउने नाममा तानाशाही हुन चाहिँ भएन । तेस्रो, दलीय ट्रेड युनियन नराख्नुस् भनेर म आफैले संसदमा गएर बोलेको छु । तर राजपत्र अनंकित (सुब्बा सरह) कर्मचारीहरूलाई 'कलेक्टिभ बार्गेनिङ' गर्न एउटा युनियन पनि राख्न नदिने भन्नु राम्रो कुरा होइन । कलेक्टिभ बार्गेनिङ, त्यो पनि राजपत्र अनंकित कर्मचारीहरूका लागि संगठन खोल्न पनि नदिनुलाई लोकतान्त्रिक कसरी भन्न सकिन्छ?

दलीय ट्रेड युनियन खारेज गरेको ठिक छ, तर एउटा आधिकारिक युनियन चाहिन्छ । सिनियर पदका कर्मचारीलाई त्यसमा आबद्ध हुन दिनुपरेन । तर तल्लो तहका कर्मचारीहरूका लागि त्यो नभई हुँदैन । चौथो, संघीयताको मामिलामा अहिलेको विधेयक पनि उदार हुन सकेन ।

जस्तो – स्थानीय तहको प्रमुख प्रशासक, प्रदेश सरकारको प्रमुख सचिव लगायतका सचिवहरू पाँच वर्षसम्म संघले नै खटाउने र त्यसपछि उनीहरूले आफै नियुक्त गर्ने व्यवस्था अहिलेको मस्यौदामा छ । पहिलेका सरकार तथा राजनीतिक दलहरूले यस्तो समय १० वर्ष भनेका थिए, अहिले ५ वर्ष भनिएको छ ।

यसले अझै पनि संघीय सरकारकै कर्मचारीमार्फत प्रदेश र स्थानीय तहलाई नियन्त्रण गर्न खोजेको भान हुन्छ ।

संविधानको धारा २८५ ले तीनै तहका सरकारको आफ्नै सार्वजनिक सेवा हुन्छ भनेर लेखेको छ । अनुसूचीमा प्रदेश र स्थानीय तहका कर्मचारी व्यवस्थापनबारे प्रस्टै भनिएको छ । त्यस आधारमा केन्द्रले त समन्वयसम्म गर्ने हो, आफ्ना कर्मचारीलाई नै हाकिम राखेर प्रदेश र स्थानीय तह नियन्त्रण गर्न खोज्ने होइन । यो संघीयताको मान्यता विपरीत हुन्छ ।

पाँचौं, अहिले पुरूषलाई ३५ वर्ष र महिलालाई ४० वर्ष उमेरसम्म निजामती सेवामा प्रवेश गर्न पाउने हद तोकिएको छ । अहिलेको सरकारले यसलाई घटाएर पुरूषका हकमा ३२ र महिलाका हकमा ३५ गर्ने भनेको छ । यो व्यवस्था दुई वर्षपछि लागू गर्ने भनियो भने एउटा कुरा, नभए त यसले अहिले निजामती सेवामा जाने तयारी गरिरहेका हजारौं युवायुवतीलाई असर गर्छ ।

छैठौं, यो विधेयकको मस्यौदामा मैले अर्को विषय पनि समेटिन्छ कि भन्ने अपेक्षा गरेको थिएँ । त्यो हो – जनताप्रति उत्तरदायी कर्मचारीतन्त्र । तर विधेयकले कानुनको सिद्धान्तममा मात्र यो विषय लेख्यो । तर कानुनी व्यवस्थाहरूमा सेवा प्रवाह गर्ने ठाउँका कर्मचारीको मूल्यांकन गर्दा सेवाग्राहीको प्रतिक्रिया पनि हेर्नेबाहेक अरू केही प्रबन्ध गरिएको छैन । त्यतिले पुग्दैन भन्ने मलाई लाग्छ । जनताप्रति उत्तरदायी निजामती सेवा बनाउन संस्थागत र प्रक्रियामै सेवाग्राहीको प्रतिनिधित्व हुनुपर्छ भन्ने मान्यता छ । केही मुलुकमा यसको अभ्यास पनि भइरहेको छ । यस्तो व्यवस्थामा नागरिक सिनेट, नागरिक कचहरी, नागरिक परामर्श समिति; जे नाम दिए पनि तिनीहरू संस्थामै संलग्न हुन्छन् र निरन्तर जाँच-पड्ताल र सुझावहरू दिन्छन् ।

सातौं, जनउत्तरदायी निजामती सेवा बनाउन एउटा कर्मचारीको उत्तरदायित्व कहाँ हुन्छ भन्ने पनि स्पष्ट गर्नुपर्छ ।

जस्तो – कुनै एक कर्मचारी सचिवप्रति कति उत्तरदायी हुन्छ? मन्त्रीप्रति कति हुन्छ? प्रधानमन्त्रीप्रति कति हुन्छ? अख्तियारजस्ता संवैधानिक निकायप्रति कति हुन्छ? सांसदप्रति कति हुन्छ? जनता, कानुन र संविधानप्रति कति उत्तरदायी हुन्छ? यी सबै कुरा स्पष्ट गरिदिएको भए राम्रो हुन्थ्यो । यी उत्तरदायित्व बाझिए कसले भनेको मान्ने भन्ने पनि स्पष्ट गरिदिएको भए हुन्थ्यो । यसले कर्मचारीलाई काम गर्न र डेलिभरी दिन सहज हुन्थ्यो । अहिले त कर्मचारीलाई हदैसम्म अन्योलमा राखिएको छ । मन्त्रीले दिएको निर्देशन एउटा हुन्छ, संसदले दिएको अर्को । कानुनमा एउटा हुन्छ, संविधानमा अर्को । कर्मचारीले कसको मान्ने? म यसमा दुईवटा उदाहरण दिन्छु । एकपटक तत्कालीन जलस्रोत सचिव राजेन्द्र क्षेत्रीलाई संसदीय समितिले बोलाएर एउटा आदेश दियो ।

राजेन्द्र क्षेत्रीले भने, 'म तपाईंहरूले भनेको मान्दिनँ । मलाई अख्तियारले अर्को आदेश दिएको छ । अब मैले कसको आदेश मान्ने? तपाईंहरू मलाई केही गर्न सक्नुहुन्न, अख्तियारले उसको आदेश नमाने थुन्छ । त्यसैले म तपाईंहरूले भनेको मान्दिनँ ।अर्को उदाहरण, म आफै लोकसेवा आयोगको अध्यक्ष हुँदा एकपटक संसदीय समितिले कुनै काम गर्नुपर्‍यो भनेर निर्देशन दिएको थियो । मैले पनि झगडा गरेर मान्दिनँ भनेर आएँ । मैले भनेँ, 'संविधानले आयोगलाई दिएको ड्युटी छ – मेरिट टेस्टिङको । त्यसमा सम्झौता गरेर यो जाँच लिनू, ऊ जाँच लिनू भन्न तपाईंहरू पाउनुहुन्न । बरू मलाई महाअभियोग लगाउने तपाईंको अधिकार छ ।'

यस्ता उदाहरण हामीकहाँ धेरै छन् ।

उत्तरदायित्वको कानुन स्पष्ट भएको भए कर्मचारी संगठन गरिमायुक्त हुन्थ्यो । कसैले गलत प्रयोग गर्न पाउँदैनथ्यो ।

प्रस्तावित विधेयकको मस्यौदामा मैले देखेका यस्ता कमी-कमजोरी सच्याउन सकिन्छ भन्ने मलाई लाग्छ ।

# बैंकिङ क्षेत्रमा सामाजिक न्यायको अवस्था



✍ तोयराज अधिकारी

*मुलुकका जुनसुकै नागरिकलाई विभेदरहित ढंगले जनताको हकअधिकार समान रूपमा प्रदान गर्नेगरी राज्यले निर्वाह गर्ने दायित्वलाई सामाजिक न्याय भनिन्छ ।*

विश्वका लोकतान्त्रिक मुलुकहरूमा जनतामा साधन र स्रोतको पहुँच र उपयोगमा कानुनी रूपमा सबै नागरिकलाई समान अवसर प्रदान गर्ने अभ्यास पाइन्छ ।

नेपालको संविधानमा नागरिकका मौलिक हकका रूपमा समानताको हकको व्यवस्था गरिएको छ । यस हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भनी समानताको हकको व्यवस्था गरिएको छ ।

सामाजिक न्यायसहितको समाजलाई एउटा सभ्य समाजको बिम्बका रूपमा लिन सकिन्छ । नेपालको संविधानमा सामाजिक न्यायको हक सम्बन्धमा धारा ४२ मा व्यवस्था गरिएको छ । संविधानमा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूमा सामाजिक न्याय र समावेशीकरण नीतिमा विभिन्न विषयहरू समावेश गरिएको छ । मुलुकका जुनसुकै नागरिकलाई विभेदरहित ढंगले जनताको हकअधिकार समान रूपमा प्रदान गर्नेगरी राज्यले निर्वाह गर्ने दायित्वलाई सामाजिक न्याय भनिन्छ ।

सामाजिक न्याय यस्तो विषय हो, जसमा कुनै व्यक्ति आफ्नो पेसा, व्यवसाय आदिमा संलग्न रहेको अवस्थामा सामाजिक रूपमा अन्यायमा परिरहेको हुन सक्छ, तर उसलाई अन्यायमा परेको अनुभूति नहुन सक्छ ।

बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरण र पहिचानमा रहेको अन्योल

बैंक तथा वित्तीय संस्थाहरूको स्थापना, सञ्चालन, व्यवस्थापन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्यलाई कानुनी व्यवस्था गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ कार्यान्वयनमा छ ।

संस्थाहरूको वर्गीकरण सम्बन्धमा ऐनको दफा ३७ मा बैंक वा वित्तीय संस्थाको चुक्ता पुँजी, सञ्चालन गर्ने कारोबार तथा कार्यक्षेत्रको आधारमा राष्ट्र बैंकले बैंक वा वित्तीय संस्थालाई 'क', 'ख', 'ग' र 'घ' वर्गमा वर्गीकरण गरी सोही बमोजिमको इजाजतपत्र सम्बन्धित बैंक वा वित्तीय संस्थालाई दिनेछ भनी संस्थाहरूको वर्गीकरण गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूको लगानीका क्षेत्रहरूमा सारभूत रूपमा कुनै किसिमको भिन्नता छैन । जस्तै, ठूला जलविद्युत आयोजनाहरूमा संयुक्त कर्जा लगानीका लागि वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स कम्पनी एकआपसमा मिलेर संयुक्त रूपमा लगानी गरेका कैयौं आयोजना छन् । प्रचलित कानुन अनुसार 'घ' वर्गमा वर्गीकरण गरिएको लघुवित्त वित्तीय संस्थाहरूको कार्यक्षेत्र र कर्जा लगानीका मोडलहरू केही फरक छन् ।

जस्तै, लगानी गर्दा व्यक्तिहरूको सामूहिक जमानीमा कर्जा लगानी गर्ने, आर्थिक रूपमा विपन्न वर्गका व्यक्तिहरूलाई साना-साना कर्जाहरू लगानी गर्ने, स्रोतको रूपमा अन्य बैंक तथा वित्तीय संस्थाहरूसँग संस्थागत जमानीमा थोक कर्जा लिने लगायतका व्यावसायिक कारोबारको प्रकृति अनुसार फरक वर्गमा वर्गीकृत गर्नु स्वाभाविक देखिन्छ । तर अन्य संस्थाहरूको वर्गीकरणमा वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनी भनेर नाम लेख्नुपर्ने बाध्यताले एकै प्रकृतिका संस्थाहरूको पहिचानमा विभेद गरेको देखिन्छ ।

नियमनकारी निकायको रूपमा रहेको केन्द्रीय बैंकले जारी गर्ने निर्देशनहरू, परिपत्रहरू, संस्थाहरूको कारोबारलाई अनुगमन तथा नियन्त्रण गर्ने कानुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा संस्थाहरूको कारोबारको क्षेत्र (विदेशी विनिमय कारोबार बाहेक) एउटै हुने तर नाम फरक गर्नुपर्ने बाध्यता कुनै पनि दृष्टिकोणबाट स्वाभाविक देखिँदैन । कतिपय आम नागरिकहरूको बुझाइमा नेपाल राष्ट्र बैंकले नियमन गर्ने 'ग' वर्गका फाइनान्स कम्पनीहरू र सहकारी विभागमा दर्ता गरेर सञ्चालनमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरू एकै किसिमका हुन् भन्ने बुझाइ रहेको कारण फाइनान्स कम्पनीहरूप्रति आम नागरिकले हेर्ने दृष्टिकोण फरक पाइन्छ ।

कर्मचारीहरूको सेवा सुविधामा अस्वाभाविक असमानता

नेपालमा विगत दस-पन्ध्र वर्ष अघिसम्म बैंक तथा वित्तीय संस्थाहरूको जागिर युवाहरूको प्रमुख रोजाइमा पर्थ्यो । कर्मचारीहरूलाई प्रदान गरिने मासिक तलब भत्ता, वार्षिक रूपमा प्रदान गरिने सुविधासहितको अनिवार्य बिदा, न्यूनतम ब्याजदरमा कर्मचारी सापटी, आकर्षक बोनस लगायतका आर्थिक सुविधाहरूका कारण बैंक वित्तीय संस्थाहरूको जागिरमा युवाहरूको राम्रो आकर्षण थियो । नेपालमा २० वटा वाणिज्य बैंक, १७ वटा विकास बैंक र १७ वटा फाइनान्स कम्पनी तथा एउटा पूर्वाधार बैंक र लघुवित्त वित्तीय संस्थाहरू नेपाल राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षणमा सञ्चालनमा छन् ।

तीनवटै वर्गका बैंक तथा वित्तीय संस्थामा करिब सत्तरी हजारको हाराहारीमा कर्मचारीहरू कार्यरत छन् । यी संस्थाहरूमा सहायक, अधिकृत, प्रबन्धक लगायत कार्यकारी श्रेणीसम्म करिब पन्ध्रवटा तहहरू हुन्छन् ।

सामान्यतया सहायक स्तरका कर्मचारीहरूका लागि न्यूनतम योग्यता स्नातक तह भएता पनि कैयौं कर्मचारीहरू स्नातकोत्तर पास गरेका समेत सहायक स्तरमा काम गरेको पाइन्छ। सहायक स्तरदेखि कार्यकारी तहसम्मका कर्मचारीहरूलाई प्रदान गरिने तलब भत्ता एवं अन्य सेवा सुविधामा ठूलो विभेद देखिन्छ ।

जस्तै, प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिने मासिक तलब भत्ता सहायक स्तरका कर्मचारीभन्दा करिब तीसदेखि चालिस गुणासम्म धेरै पाइन्छ ।

एकै किसिमको शैक्षिक योग्यता भएका कार्यकारी तहका कर्मचारी र सहायक स्तरका कर्मचारीबीच निर्णय क्षमता र कार्य अनुभवको आधारमा मात्र तीस-चालिस गुणासम्म तलब भत्ता फरक गर्ने तहको विभेदका कारण तल्लो तहमा काम गर्ने युवाहरूमा छाएको निराशाले युवा जनशक्ति विदेश पलायन हुने एउटा कारणका रूपमा लिन सकिन्छ । उच्च तहका कर्मचारीहरूलाई प्रदान गरिने अस्वाभाविक सेवा सुविधाका कारण ग्राहकहरूलाई निक्षेपमा प्रदान गर्ने ब्याजदर कम हुने अवस्था तथा कर्जामा लिने ब्याजदर बढी हुने अवस्थाको सम्बन्धमा नियामक निकाय नेपाल राष्ट्र बैंक रहस्यमय रूपमा मौन रहेको पाइन्छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामा रहेको यो तहको विभेद न्यूनीकरण गर्नुको सट्टा उच्च तहका कर्मचारीहरूको प्रभावमा यस किसिमका विभेदलाई अनदेखा गरिरहेको अवस्था छ ।

ग्राहकहरूलाई प्रदान गर्ने सेवा सुविधामा अस्वाभाविक भिन्नता

हाल सञ्चालनमा रहेका सबै बैंक वित्तीय संस्थाहरू (वाणिज्य बैंक, विकास बैंक तथा फाइनान्स कम्पनी) सबैले प्रत्येक महिना कर्जा लगानीमा ग्राहकहरूसँग लिने ब्याजदर, निक्षेपमा दिने ब्याजदर र अन्य सेवा सुविधाहरूमा लिने शुल्कहरूको विवरण प्रकाशन गर्ने गर्छन् र सो विवरण सम्बन्धित संस्थाले आफ्नो वेबसाइटमा अद्यावधिक गर्छन् । यस किसिमको ब्याजदरको विवरण हेर्दा निक्षेपतर्फ आठ-दश प्रकारका बचत खाता, अवधि अनुसारका मुद्दती निक्षेपका प्रकारहरू, कर्जाका किसिम र ब्याजदरको फरक देख्दा ग्राहकहरूलाई दिग्भ्रमित बनाउने जस्तो देखिन्छ । बैंकहरूको सेवा सुविधाको विषयमा कम जानकारी राख्ने, आफ्नो अधिकारको विषयमा संवाद गर्न नसक्ने ग्राहकहरूलाई निक्षेपमा कम ब्याज दिन सक्ने र कर्जामा अधिक ब्याज लिन सक्ने जोखिम अन्तर्निहित देखिन्छ ।

# छाउपडी प्रथाबारे कानुन बन्यो, तर कार्यान्वयन पक्ष फितलो





काँक्रेविहार संवाददाता
हुम्ला, १४ वैशाख

छाउपडी प्रथा उन्मूलन गर्न सर्वोच्च अदालतले सरकारलाई परमादेश दिएको १८ वर्ष बिति सक्दा पनि हिमाली जिल्ला हुम्लामा यसको प्रभावकारी अन्त्य हुन सकेको छैन।

सर्वोच्च अदालतको निर्देशनपछि २०७४ मा लागू भएको मुलुकी अपराध संहिताले महिनावारी वा सुत्केरी अवस्थामा महिलालाई घरबाहिर राख्ने, छुवाछुत गर्ने वा अमानवीय व्यवहार गर्ने कार्यलाई दण्डनीय बनाएको छ।

कानुन अनुसार यस्तो कार्यमा तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ।

तर संहिता लागू भएको आठ वर्ष बितिसक्दा पनि हुम्लामा यस सम्बन्धमा कसैलाई कारबाही गरिएको कुनै उदाहरण छैन।

कानुनी व्यवस्था हुँदाहुँदै पनि व्यवहारिक रूपमा छाउपडी प्रथा अझै कायम रहेको पाइएको छ। जिल्लाका अधिकांश गाउँमा महिलाहरू महिनावारी हुँदा घरबाहिर बस्न बाध्य छन्। कतै गोठमा त कतै खुला आकाशमुनि बस्ने चलन अझै प्रचलित छ।

सर्केगार्ड गाउँपालिका-३ उनापानीकी जौका फडेरा महिनावारीका बेला आँगनमै सुत्नुपर्ने बाध्यता रहेको बताउँछिन्। स्थानीयका अनुसार 'छाउखुल्लो' भनिने झ्यालढोका नभएको साँघुरो गोठमा महिलालाई बस्न बाध्य पारिन्छ।

धामी-झाँक्री वा धार्मिक मान्यतामा विश्वास गर्ने परिवारमा यस्तो प्रथा झन कडाइका साथ लागू हुने गरेको छ।

अधिकारकर्मीहरूको विरोधपछि पहिलेको खुला आकाशमा बस्ने चलन केही घटेर छुट्टै 'छाउगोठ' मा बस्ने प्रचलन बढे पनि यसले महिलाको सुरक्षा र स्वास्थ्यमा सुधार ल्याउन सकेको छैन।

महिनावारीका बेला महिलालाई दूध-दही नदिने, पानीका स्रोत छुन नदिने, घरभित्र पस्न रोक लगाउनेजस्ता विभेदकारी व्यवहार अझै जारी छन्।

यस्तो प्रथा नेपालको संविधानले सुनिश्चित गरेको समानता र महिलाको अधिकारविपरीत रहेको सरोकारवालाहरू बताउँछन्।

कानुनले छाउपडीलाई घरेलु हिंसाको रूपमा समेत परिभाषित गरे पनि हुम्लामा यस विरुद्ध उजुरी दिने चलन छैन। जिल्ला प्रहरी कार्यालयका अनुसार अहिलेसम्म यस्तो विषयमा कुनै औपचारिक उजुरी परेको छैन।

स्थानीय तहका जनप्रतिनिधिहरू भने सचेतना कार्यक्रम सञ्चालन गरिएको दाबी गर्छन्। सिमकोट गाउँपालिकाकी उपाध्यक्ष सुशीला रोकायका अनुसार छाउपडी विरुद्ध अभियान चलाइए पनि व्यवहारमा पूर्ण परिवर्तन आउन सकेको छैन।

गैरसरकारी संस्था महासंघ नेपाल, हुम्लाका अध्यक्ष जनक बुढाले सरकारी निकायको सक्रियता अभावले यस्तो कुप्रथा हटाउन कठिन भएको टिप्पणी गरेका छन्।

छाउगोठमा बस्दा महिलाको स्वास्थ्यमा गम्भीर असर पर्ने गरेको स्वास्थ्यकर्मीहरूले बताएका छन्। चिसो र धुँवाका कारण निमोनिया, दमजस्ता रोगको जोखिम बढ्ने गरेको जिल्ला अस्पतालका स्वास्थ्यकर्मीहरूको भनाइ छ।

पछिल्ला वर्षमा छाउगोठ भत्काउने अभियान र सचेतना कार्यक्रमका कारण केही परिवर्तन देखिए पनि प्रथाको मूल व्यवहारमा भने खासै सुधार आएको छैन।

अहिले केही स्थानमा महिलाले घरभित्रै सुत्न पाउने अवस्था बने पनि भान्सा र पूजा कोठामा छुवाछुत भने अझै कायम छ।

स्थानीय तह र सरोकारवालाहरूले प्रयास जारी राखे पनि हुम्लामा छाउपडी प्रथा पूर्ण रूपमा अन्त्य हुन अझै चुनौतीपूर्ण देखिएको छ।

# राजनीतिक खिचातानीले फोहोर व्यवस्थापनमा सकस

काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, १४ वैशाख

रूकुमपश्चिम जिल्लाको मुसिकोट नगरपालिका यति बेला फोहोर व्यवस्थापनको गम्भीर संकटबाट गुज्रिरहेको छ।

बजार क्षेत्रमा महिनौं देखि थुप्रिएको फोहोरका कारण जनस्वास्थ्य, वातावरण तथा नगरको सौन्दर्यमा नकारात्मक असर परेको छ।

नगर प्रमुख महेन्द्र के.सी.ले ल्याण्डफिल्ड साइट निर्माणका लागि विभिन्न चरणमा संवाद र पहल गरे पनि कार्यान्वयनको अन्तिम अवस्थामा आएर प्रक्रिया अवरुद्ध भएको छ।

यसले समस्या प्राविधिकभन्दा बढी राजनीतिक र नियतसँग जोडिएको देखिएको छ। स्थानीयस्तरमा सहमति जुटाउने प्रयास भए पनि अन्तिम चरणमा पुगेपछि देखिएको असहयोग र सरोकारवाला निकायहरूको मौनताले समस्या झन् जटिल बनेको छ।

अल्पकालीन व्यवस्थापनका लागि समेत उपयुक्त स्थान नपाइनु व्यवस्थापनको कमजोरीको संकेत मानिएको छ।

विश्लेषकहरूका अनुसार मुसिकोटमा फोहोर व्यवस्थापनको विषयमा 'बाहिर समर्थन, भित्र विरोध' को प्रवृत्ति देखिएको छ।

केही राजनीतिक समूहले आफ्नै स्वार्थका कारण विकासका योजनामा अवरोध सिर्जना गरिरहेको आरोप लाग्दै आएको छ। यसले विकासप्रति साझा प्रतिबद्धताको अभाव देखाएको छ।

फोहोर व्यवस्थापनका लागि दीर्घकालीन समाधान आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन्। सर्वदलीय सहमति, आधुनिक प्रविधिमा आधारित फोहोर व्यवस्थापन (रिसाइक्लिङ तथा कम्पोस्टिङ), प्रशासनिक सक्रियता, घरधुरी स्तरमै फोहोर वर्गीकरण तथा नागरिक सचेतनालाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

विज्ञहरूका अनुसार स्रोतमै फोहोर छुट्याउने व्यवस्था लागू गर्न सके फोहोरको ठूलो हिस्सा स्थानीयस्तरमै व्यवस्थापन गर्न सकिन्छ, जसले ल्याण्डफिल्ड साइटको आवश्यकता पनि घटाउँछ।

नागरिक समाज र सञ्चारमाध्यमको सक्रिय भूमिका बिना समाधान सम्भव नहुने देखिएको छ। "मेरो फोहोर, मेरो जिम्मेवारी" भन्ने भावना विकास गर्दै सबै पक्षलाई जवाफदेही बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ।

राजनीतिक मतभेदका कारण विकासका काम अवरुद्ध हुँदा यसको असर सम्पूर्ण नगरवासीले भोग्नुपर्ने हुन्छ। त्यसैले फोहोर व्यवस्थापनजस्तो संवेदनशील विषयलाई राजनीतिक स्वार्थभन्दा माथि राखेर सहकार्य आवश्यक रहेकोमा जोड दिइएको छ।

# चार सय ३९ कैदीको क्षयरोग परीक्षण

काँक्रेविहार संवाददाता
बर्दिया, १४ वैशाख



बर्दिया कारागारमा रहेका चार सय ३९ जना कैदी र थुनुवाको क्षयरोग परीक्षण गरिएको छ। क्षयरोग निवारण तथा समयमै उपचार सुनिश्चित गर्न सक्रिय खोजपड्ताल शिविर सञ्चालन गरिएको हो। लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा कारागारभित्र रहेका ७१ जना महिला र तिन सय ६८ जना पुरुष कैदी तथा थुनुवाको एआई एक्स-रे विधिबाट परीक्षण गरिएको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

परीक्षणका क्रममा शङ्कास्पद देखिएका १२ जना महिला र ५८ जना पुरुषलाई थप जाँचका लागि बर्दिया अस्पताल पठाइएको जनस्वास्थ्य निरीक्षक कृष्णगोपाल चौधरीले जानकारी दिए।

शङ्कास्पद व्यक्तिहरूको खकार परीक्षण गरिनेछ। उनका अनुसार क्षयरोग श्वासप्रश्वासको माध्यमबाट सर्ने सरुवा रोग भएकाले बन्दीहरू एकै स्थानमा बस्ने भएकाले संक्रमण फैलिन सक्ने जोखिमलाई ध्यानमा राखी परीक्षण गरिएको हो।

खकार परीक्षणमा क्षयरोगका जीवाणु भेटिएमा आवश्यक उपचार प्रक्रिया अघि बढाइने स्वास्थ्य निर्देशनालयले जनाएको छ। दुई दिनसम्म शिविर सञ्चालन गरिएको थियो।

# एआई युगमा दिगो भविष्यको मार्गचित्र प्रस्तुत




काँक्रेविहार संवाददाता
सुर्खेत, १४ वैशाख

मध्यपश्चिम विश्वविद्यालय (एमयू) मा आयोजित तीन दिने 'बहुविषयगत अन्तर्राष्ट्रिय सम्मेलन-२०२६' आइतबार भव्य रूपमा सम्पन्न भएको छ।

भारतको बिरला ग्लोबल युनिभर्सिटीसँगको सहकार्यमा सम्पन्न सम्मेलनले कृत्रिम बुद्धिमत्ता (एआई) र डिजिटल रूपान्तरणको युगमा दिगो भविष्य निर्माणका लागि महत्वपूर्ण मार्गचित्र प्रस्तुत गरेको छ।

समापन समारोहलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. ध्रुवकुमार गौतमले सम्मेलनमा भएका गहन छलफल र निष्कर्षहरूलाई व्यवहारमा लागू गर्न सबै सरोकारवालालाई आग्रह गरे।

उनले विद्यालयको प्राज्ञिक उन्नतिका लागि समूह कार्य (टिमवर्क) को महत्त्व औंल्याउँदै आयोजक तथा सहभागी सबैलाई धन्यवाद व्यक्त गरे।

रजिष्ट्रार प्रा.डा. शोभाखर कँडेलले यस ऐतिहासिक आयोजनाले विश्वविद्यालयको अन्तर्राष्ट्रिय पहिचान र गरिमा अभिवृद्धि गरेको बताए। तीन दिनसम्म सञ्चालन भएको सम्मेलनमा विभिन्न विषयगत सत्र, अनुसन्धानपत्र प्रस्तुति तथा प्यानल छलफलहरू सम्पन्न भएका थिए।

सम्मेलन व्यवस्थापन समितिका संयोजक डा. यदुप्रसाद ज्ञवालीले प्रगति प्रतिवेदन प्रस्तुत गर्दै यसले ज्ञान आदानप्रदान र अनुसन्धान विस्तारमा नयाँ सम्भावनाको ढोका खोलेको जानकारी दिए।

सम्मेलनमा बेलायतका प्रा.डा. जोनाथन रिक्स, जर्मनीकी प्रा.डा. सुसान्ने तथा समाज जागरण केन्द्र (स्याक) नेपालका टीकाराम आचार्य लगायतले यसलाई ऐतिहासिक र उपलब्धिमूलक कार्यक्रमको रूपमा व्याख्या गरेका थिए।

विशेष आकर्षणको रूपमा रहेको 'उपकुलपतिहरूको राउन्डटेबल' बैठकमा देशभरका विश्वविद्यालयका नेतृत्वकर्ताहरूले विद्यमान चुनौती, समस्या र भविष्यका अवसरहरूबारे गहन छलफल गरेका थिए।

काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. अच्युत प्रसाद वाग्ले तथा बिरला ग्लोबल विश्वविद्यालयकी डीन प्रा.डा. अर्चना चौधरीले अन्तरविषयगत सहकार्यको आवश्यकतामा जोड दिए।

विश्वविद्यालयका सूचना अधिकारी शेरबहादुर केसीका अनुसार एआई र विश्वव्यापी डिजिटल रूपान्तरणले मानव जीवनशैली, अर्थतन्त्र र शासन प्रणालीमा पारिरहेको प्रभावलाई ध्यानमा राख्दै दिगो भविष्यका लागि यस्ता बहस अपरिहार्य रहेको निष्कर्ष सम्मेलनले निकालेको छ।

२१ देशका विज्ञहरूको सहभागिता रहेको उक्त सम्मेलनले कर्णाली क्षेत्रबाट विश्व समुदायलाई नयाँ प्राज्ञिक सन्देश दिन सफल भएको विश्वविद्यालयले जनाएको छ।

# डढेलोले १५ प्रतिशत क्षेत्र प्रभावित

काँक्रेविहार संवाददाता
कञ्चनपुर, १४ वैशाख

सुदूरपश्चिम प्रदेशका वन क्षेत्रमा डढेलोको प्रकोप बढ्दै गएको छ। हालसम्म करिब १५ प्रतिशत वन क्षेत्र डढेलोको चपेटामा परिसकेको प्रदेश वन निर्देशनालयले जनाएको छ।



वन निर्देशनालयका निर्देशक हेमराज विष्टका अनुसार विशेषगरी चुरे क्षेत्रका वनमा डढेलोको प्रभाव बढी देखिएको छ।

उनले डढेलोले वन संरक्षण, जैविक विविधता तथा स्थानीय समुदायको जीविको पार्जनमा प्रत्यक्ष असर पारेको बताए।

विष्टरका अनुसार मैदानी क्षेत्रका तुलनामा चुरे क्षेत्रका वनमा डढेलो नियन्त्रण गर्न कठिन छ। सामुदायिक वन उपभोक्ता समूह र वन कर्मचारीको सक्रियताले मैदानी क्षेत्रमा केही हदसम्म नियन्त्रण सम्भव भए पनि चुरे क्षेत्रको भौगोलिक विकटता प्रमुख चुनौती बनेको छ।

चुरे क्षेत्र भिरालो, दुर्गम र सडक सञ्जालविहीन छ। डढेलो लागेको स्थानमा पुग्नै जोखिमपूर्ण हुन्छ, कतिपय ठाउँमा त पुग्नै सकिँदैन उनले भने।

आधुनिक उपकरणको अभावले नियन्त्रण झन् कठिन बनाएको छ। वन सुरक्षाकर्मीले पैदलै डढेलो नियन्त्रणका लागि जानुपर्ने अवस्था रहेकोले सानो आगो पनि ठूलो डढेलोमा परिणत हुने जोखिम बढ्दै गएको उनको भनाइ छ।

उनका अनुसार डढेलो लाग्नुमा मानवीय गतिविधि प्रमुख कारण देखिएको छ। गोठालाले हरियो घाँस छिटो उम्रने आशामा आगो लगाउने, च्याउ टिप्ने क्रममा आगो बाल्ने, खेतबारीमा गहुँका नल पोल्ने तथा सरसफाइका क्रममा लगाइएको आगो वनमा फैलिने गरेको पाइन्छ।

त्यस्तै, जलवायु परिवर्तन र 'एल निनो' को प्रभावले पनि जोखिम बढाएको छ। तापक्रम वृद्धि र वर्षा ढाँचामा आएको परिवर्तनका कारण वन क्षेत्र सुक्खा हुँदै जाँदा आगलागीको सम्भावना उच्च भएको विज्ञहरूको भनाइ छ।

वन निर्देशक विष्टका अनुसार तापक्रम बढ्दै जाँदा डढेलोको जोखिम र क्षति दुवै बढ्ने गर्छ। डढेलोका कारण वन्यजन्तुको बासस्थान नष्ट हुनुका साथै जडीबुटी, घाँस र काठजस्ता वन पैदावारमा ठूलो क्षति पुगेको छ, जसले स्थानीय समुदायको जीविकोपार्जनमा असर पारेको छ।

यसैबीच, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा भने विगतका वर्षको तुलनामा डढेलो नियन्त्रणमा रहेको निकुञ्ज प्रशासनले जनाएको छ। सहायक प्रमुख संरक्षण अधिकृत विनयकुमार झाका अनुसार यस वर्ष निकुञ्ज क्षेत्रमा डढेलो कम मात्रामा देखिएको छ।

सामुदायिक वन क्षेत्रमा जोखिम बढ्दै गएको सरोकारवालाहरूले बताएका छन्। सामुदायिक वन समन्वय समिति कञ्चनपुरका अध्यक्ष महेशदत्त जोशीका अनुसार दिगो वन व्यवस्थापन कार्यविधि लागू गर्ने मागसहित केही दिनदेखि भइरहेको आन्दोलनका कारण वन संरक्षणमा ध्यान कम पुगेको छ।

# सुन्तलामा खराने रोग फैलिदाँ चिन्तित बने किसान

काँक्रेविहार संवाददाता
सल्यान, १४ वैशाख

वैशाख लागेसँगै सुन्तलाका बोटमा सेतो धुलोजस्तो देखिने खराने रोग (पाउडरी मिल्ड्यु) देखा पर्न थालेपछि सल्यानका किसानहरू चिन्तित बनेका छन्।

सामान्यतया असारतिर देखिने यो रोग यस वर्ष भने समयभन्दा अगावै फैलिन थालेको किसानहरूको भनाइ छ। जिल्लाको छत्रेश्वरी गाउँपालिका एक अन्तर्गत खोरबारे र डिग्रे क्षेत्रका सुन्तला बगैंचामा नयाँ पात र कलिला मुनामा रोग देखिएको छ।

उत्पादनमा असर पर्ने चिन्ता बढेको हो। रोगसँगै बोटको फेद कुहिने समस्या पनि देखिन थालेपछि किसानहरूको मुख्य आम्दानी स्रोत जोखिममा परेको छ। खोरबारेका किसान ज्ञानबहादुर वलीका अनुसार उनका करिब एक सय फल दिने र थप तीन सय सुन्तलाका बोटमा पातमा धुलो छरेझैँ देखिने रोग देखिएको छ। साथै, बोटको जरातिर समेत कुहिने समस्या देखिन थालेको उनले जानकारी दिए। स्थानीयका अनुसार खोरबारे क्षेत्रमा मात्रै करिब ४० घरधुरी किसानका सुन्तलामा खराने रोग फैलिएको छ।

असारतिर मात्र देखिने रोग यस वर्ष वैशाखको पहिलो सातामै देखिनु असामान्य भएको उनीहरूको भनाइ छ। किसानहरूका अनुसार सुरुमा पात र नयाँ पालुवामा सेतो धुलोजस्तो देखिने यो रोग विस्तारै कलिला फलमा समेत फैलिन्छ। समयमै नियन्त्रण गर्न नसके फल झर्ने, पात खस्ने, बोटको टुप्पो सुक्ने र अन्ततः हाँगा मर्ने अवस्था आउन सक्छ, जसले उत्पादनमा ठूलो गिरावट ल्याउँछ। गत वर्ष वडा कार्यालयमार्फत ५० प्रतिशत अनुदानमा रोग नियन्त्रणका लागि औषधी उपलब्ध गराइएको भए पनि यस वर्ष त्यस्तो सुविधा नपाएको किसानहरूको गुनासो छ। समयमै औषधी नपाउँदा रोग नियन्त्रणमा समस्या भएको उनीहरूले बताएका छन्। कृषि विज्ञहरूले रोग नियन्त्रणका लागि प्रारम्भिक चरणमै सचेत हुन सुझाव दिएका छन्।

नयाँ पालुवा आउने समय, बढी ओसिलो वातावरण तथा वर्षाको समयमा यस्तो रोगको जोखिम बढ्ने भएकाले सुरुमै संक्रमित हाँगा काटेर हटाउनुपर्ने उनीहरूको भनाइ छ।

रोगको संक्रमण बढेमा कृषि प्राविधिकको सल्लाहमा सल्फर धुलो वा घरेलु उपायका रूपमा गाईको गहुँत प्रयोग गर्न सुझाव दिइएको छ। समयमै प्रभावकारी नियन्त्रण उपाय अपनाउन नसकिए सुन्तला खेतीमा ठूलो क्षति पुग्ने जोखिम रहेको भन्दै किसानहरूले सम्बन्धित निकायसँग आवश्यक सहयोग र औषधी उपलब्ध गराउन माग गरेका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# मन्त्रालयको तेस्रो त्रैमासिक प्रगति समीक्षा हुँदै

❑ कााँक्रेविहार संवाददाता
सुर्खेत, १४ वैशाख

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आयोजनामा तेस्रो त्रैमासिक प्रगति समीक्षा कार्यक्रम वीरेन्द्रनगर, सुर्खेतमा सुरु भएको छ। दुई दिनसम्म सञ्चालन हुने उक्त कार्यक्रममा मन्त्रालय र मातहतका कार्यालयहरूले चालु आर्थिक वर्षको प्रगति, उपलब्धि तथा चुनौतीहरूको विस्तृत प्रस्तुति गर्नेछन्।

कार्यक्रमको उद्घाटन सत्रमा मन्त्रालयका उच्च अधिकारीहरूले विगत नौ महिनामा भएका कार्यसम्पादनको समग्र समीक्षा गर्दै आगामी कार्ययोजनालाई प्रभावकारी बनाउने उद्देश्य व्यक्त गरेका छन्।



समीक्षा कार्यक्रममा विशेषगरी कृषि उत्पादन वृद्धि, भूमि व्यवस्थापन सुधार, सहकारी क्षेत्रको सुदृढीकरण तथा सेवा प्रवाहमा देखिएका समस्याहरूको पहिचान र समाधानका उपायहरूमा केन्द्रित छलफल हुने जनाइएको छ।

मन्त्रालयअन्तर्गत रहेका २९ वटा कार्यालयहरूले आ-आफ्नो कार्यक्षेत्रअनुसारको प्रगति विवरण प्रस्तुत गर्नेछन्। प्रस्तुतिमा योजनाको कार्यान्वयन अवस्था, बजेट खर्चको स्थिति, उपलब्धि तथा चुनौतीहरू समेटिनेछ।

यसका साथै, आगामी चौथो त्रैमासिकका लागि रणनीति तय गर्ने विषयमा पनि गहन छलफल हुने कार्यक्रम रहेको छ।

कार्यक्रममा सहभागी अधिकारीहरूले समीक्षा प्रक्रियाले कामको प्रभावकारिता बढाउन, कमजोरी सुधार गर्न र नीतिगत निर्णयलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

मन्त्रालयले नियमित रूपमा गर्ने यस्ता समीक्षा कार्यक्रमले समग्र कृषि तथा भूमि व्यवस्थापन क्षेत्रको विकासमा सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

दुई दिनसम्म चल्ने उक्त कार्यक्रमको अन्त्यमा प्राप्त सुझाव तथा निष्कर्षलाई समेटेर आगामी योजना निर्माण र कार्यान्वयनमा प्रयोग गरिने मन्त्रालयले जनाएको छ।

# माटोमा अत्यधिक छारेपनले उत्पादनमा गिरावट

❑ कााँक्रेविहार संवाददाता
कैलाली, १४ वैशाख

जिल्लामा गरिएको माटो परीक्षणमा माटोमा छारेपन (नुन) को मात्रा अत्यधिक देखिएको छ भने नाइट्रोजन, फस्फोरस र पोटास जस्ता आवश्यक पोषक तत्वको कमी रहेको पाइएको छ।

सामुदायिक सहकारी संस्था सत्तीको आयोजनामा तथा सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालयको प्राविधिक सहयोगमा टीकापुरको सत्ती र भजनी क्षेत्रमा माटो परीक्षण गरिएको हो।

शनिबार र आइतबार गरिएको परीक्षणमा सत्तीका ९१ र भजनीका ३० गरी कुल एक सय २१ किसानले आफ्नो खेतबारीको माटो परीक्षण गराएका थिए।

सहकारीका सचिव कृत ठकुल्लाका अनुसार किसानलाई बाली लगाउनु अघि माटोको अवस्था बुझाउन र माटो संरक्षणप्रति सचेत बनाउन परीक्षण गरिएको हो।

माटो तथा मल परीक्षण प्रयोगशाला सुन्दरपुर, कञ्चनपुरका सहायक माटो विज्ञान अधिकृत हमप्रसाद न्यूरेले सबै नमूनामा माटोको गुणस्तर खस्किएको पाइएको बताए।



उनका अनुसार सबै माटोमा छारेपन उच्च देखिएको छ भने नाइट्रोजन, फस्फोरस र पोटासको मात्रा कमजोर छ, जसले बाली उत्पादनमा गिरावट ल्याउने देखिएको छ।

उनले माटोको अवस्था यस्तै रहेमा आगामी वर्षहरूमा उत्पादन घट्दै जाने र दीर्घकालमा खेती नै प्रभावित हुन सक्ने चेतावनी दिए।

साथै, अब माटो परीक्षणभन्दा सुधारमुखी कार्यक्रम आवश्यक रहेको उनको सुझाव छ। विज्ञ न्यूरेका अनुसार गोबर मलको कमी, रासायनिक मलको अत्यधिक प्रयोग तथा जैविक मलको अभावले माटो बिग्रँदै गएको छ।

उनले ढैंचा जस्ता हरियो मल खेतीलाई अनिवार्य गर्नुपर्ने र प्राङ्गारिक मलको प्रयोग बढाउनु पर्नेमा जोड दिए। प्रयोगशालाले सुदूरपश्चिमका विभिन्न जिल्लामा वार्षिक पाँच हजारभन्दा बढी माटो नमूना परीक्षण गर्दै आएको छ।

किसानले व्यक्तिगत रूपमा ल्याएको नमूनाको परीक्षण शुल्क रु एक सय विद्यार्थीका लागि रु दुई सय र संस्था वा सहकारीमार्फत गरिने परीक्षणका लागि रु चार सय तोकिएको छ।

परीक्षण पछि किसानलाई माटो स्वस्थता प्रमाणपत्र प्रदान गरिन्छ, जसमा माटोको पीएच, प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फस्फोरस, पोटास र बनोट खसम्बन्धी विवरण समावेश हुन्छ।

कृषि विज्ञहरूका अनुसार माटोको गुणस्तर जोगाउन र उत्पादन बढाउन प्राङ्गारिक मल, हरियो मल तथा जैविक खेती प्रणालीलाई प्राथमिकता दिन आवश्यक छ।

टीकापुर नगरपालिकाका कृषि प्राविधिक रविना चौधरीले पनि माटो जोगाउन किसानलाई ढैंचा जस्ता हरियो मल खेती गर्न र रासायनिक मलको प्रयोग घटाउन सुझाव दिँदै सचेतना कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए।

# अवैध गिट्टी-बालुवा उत्खनन बढ्दो

❑ कााँक्रेविहार संवाददाता
जुम्ला, १४ वैशाख

जिल्लाका विभिन्न नदी तथा खोलानालामा अवैध रूपमा गिट्टी, बालुवा उत्खनन तीव्र रूपमा बढ्दै गएको छ।

यसले प्राकृतिक वातावरण मात्र होइन, स्थानीय पूर्वाधारसमेत जोखिममा पार्न थालेको छ। विशेष गरी चन्दननाथ नगरपालिकाका दानसाँघु र उठिल्ले, गुठीचौर गाउँपालिकाका झारज्वाला र गुठीचौर, पातारासी गाउँपालिकाका लासी र उर्थ, तातोपानी गाउँपालिकाको हाँकुटापु, तिलाकोट र राँका आसपासका नदी क्षेत्रमा जथाभाबी उत्खनन भइरहेको छ।

यस्तै, तिला गाउँपालिकाका कुडारी, त्रिवेणी र रारा, सिँजा गाउँपालिकाका धितालिही, नराकोट, विष्टवाडा र रनुखाना, कनसुन्दरी गाउँपालिकाका कोटघर र लासीपाटन तथा हिमा गाउँपालिकाका बाघबजार, बाँजागाड र आचार्यलिहीमा समेत अवैध उत्खनन भइरहेको स्थानीयले बताएका छन्।



स्थानीय सरकारको प्रमुख राजस्व स्रोत मानिने नदीजन्य सामग्री गिट्टी र बालुवा व्यक्तिले मनपरी रूपमा उत्खनन गरी निजी लाभ लिने प्रवृत्ति बढेको छ।

कानुनअनुसार स्थानीय तहले कार्यविधि बनाएर व्यवस्थित रूपमा उत्खनन र बिक्री वितरण गर्नुपर्ने भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

अवैध रूपमा डोजर प्रयोग गरी उत्खनन गर्दा नदीको स्वरूप बिग्रँदै गएको छ। यसले माछा, भ्यागुता, सर्पजस्ता जलचर प्राणीको अस्तित्वमा समेत संकट पैदा गरेको छ।

तातोपानी गाउँपालिका-४, हाँकुटापु क्षेत्रमा वर्षभरि नै गिट्टी-बालुवा उत्खनन भइरहेको छ। यसको प्रत्यक्ष असर त्यहाँ रहेको रङ्गशालामा परेको छ, जुन अहिले जोखिममा परेको छ।

स्थानीय पूर्वाधार आयोजना कार्यालय, प्रदेश एकाइ सुर्खेतले गत आर्थिक वर्ष २०८१/८२ मा करिब एक करोड रुपैयाँ लागतमा निर्माण गरिरहेको रङ्गशालाको घेरा-पर्खालसमेत अवैध उत्खननका कारण भत्किएको छ।

अवैध उत्खनन रोक्न सम्बन्धित निकायको ध्यानाकर्षण गराइए पनि हालसम्म प्रभावकारी पहल नदेखिएको भन्दै स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन्।


## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**

सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५

## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरूद्ध सम्बन्धित निकायमा उजुरी गरौं,

*सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)